सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

माननीय न्यायाधीश श्री कुमार रेग्मी

आदेश

०७९-WC-००४८

विषयः निर्वाचन परिणाम बदर गरी पुनः निर्वाचन र मतगणना गरी पाउँ।

स्याङ्जा जिल्ला, चापाकोट नगरपालिका वडा नं. १० बस्ने बुद्धिमान श्रेष्ठ ..........१ निवेदक

विरूद्ध

निवार्चन आयोग नेपाल, कान्तिपथ, काठमाडौं ..........................................१

जिल्ला निवार्चन कार्यालय, स्याङ्जा ....................................................१

स्याङ्जा जिल्ला, गल्याङ नगरपालिका वडा नं. ३ स्थायी ठेगाना भई तत्कालीन स्याङ्जा जिल्ला, निर्वाचन क्षेत्र नं. २ प्रदेश (ख) का उम्मेदवार महेश भट्टराई ....१

स्याङ्जा जिल्ला, वालिङ नगरपालिका वडा नं. ६ स्थायी ठेगाना भई तत्कालीन स्याङ्जा जिल्ला, निर्वाचन क्षेत्र नं. २ प्रदेश (क) का उम्मेदवार भोजराज अर्याल....१ प्रत्यर्थी

स्याङ्जा जिल्ला, अर्जुनचौपारी गाउँपालिका वडा नं. २ स्थायी ठेगाना भई तत्कालीन स्याङ्जा जिल्ला, निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार धनराज गुरुङ ..........................................................................................१

मुद्दाः उत्प्रेषणसमेत।

नेपालको संविधानको धारा १३७ समेत बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ।

संक्षिप्त तथ्य

१. निवेदक स्याङ्जा जिल्ला, चापाकोट नगरपालिका वडा नं. १० को स्थायी बासिन्दा हुँ। मैले २०७९ मंसिर ४ गते भएको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा नेकपा एमालेबाट

गण्डकी प्रदेश सभा सदस्य स्याङ्जा क्षेत्र नं. २(ख) को उम्मेदवार रहेको थिएँ। उक्त निर्वाचनमा विपक्षी नेपाली कांग्रेसका प्रतिनिधिहरू र उम्मेदवारहरू धनराज गुरुङ, महेश भट्टराई र भोजराज अर्यालले निर्वाचनको शुरुदेखि नै हुलहुज्जत गरी, आर्थिक प्रलोभनमा पारी र ज्यान मार्ने धम्की दिई व्यापक रूपमा आचारसंहिता विपरीतका कार्य गरेका हुँदा संविधानको धारा १३३ को उपधारा (२) र उपधारा (३) बमोजिम सार्वजनिक सरोकारको विषय उठाई मैले यो निवेदन दायर गरेको छु। मिति २०७९।८।४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा म लगायतका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका उम्मेदवारहरु निर्वाचन स्थल र केन्द्र तथा निर्वाचन प्रक्रियाको अवलोकन गर्न जाँदा नेपाली काङ्ग्रेसका कार्यकर्ता, प्रहरी प्रशासन, निर्वाचन अधिकृत लगायतका कर्मचारीहरूको मिलेमतोमा मतदान केन्द्रको नजिक समेत जानबाट रोकी ज्यान लिने धम्की दिई स्वच्छ, भयरहित र निष्पक्ष वातावरणमा जनताले आफ्नो प्रतिनिधि चुन्न र चुनिन पाउने लोकतन्त्रको मूलभूत मूल्य मान्यता विपरित गैरकानूनी कार्य गरेका हुन्। यो विषयमा मैले र पद्मा अर्यालसमेतले मिति २०७९।८।४ मा तत्कालै मतदान अधिकृत, निर्वाचन आयोग, निर्वाचन अधिकृत स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २ को कार्यालय समक्ष गैरकानूनी रुपमा भएको निर्वाचन रद्द गरी पुनः निर्वाचन गराई पाउँ भनी निवेदन दिएकोमा सो निवेदनको कुनै सुनुवाई गरिएन। पछि निर्वाचन आयोगलेसमेत निर्वाचन धाँधली भएको कुरालाई पुर्वाग्रही भएर अस्वीकार गरेको अवस्था छ।

मिति २०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २ अन्तर्गत पर्ने स्याङ्जा जिल्ला, चापाकोट नगरपालिका वडा नं. ३ स्थित दिसिङकोट आधारभूत विद्यालय मतदान केन्द्र, ऐ.ऐ. वडा नं. ४ को राममन्दिर माध्यमिक विद्यालय, दार्सिङ नरसेवा मतदान केन्द्र; ऐ.ऐ. ५ स्थित जनसक्रिय माध्यमिक विद्यालय, चिठिपोखरी मतदान केन्द्र,ऐ.ऐ. वडा नं. ५ स्थित दिनदयालु आधारभूत विद्यालय, साठीमुरे मतदान केन्द्र लगायतका मतदान केन्द्रहरूमा मृत्यु भइसकेका, विदेशमा रहेका र अनुपस्थित व्यक्तिहरूको नामबाट समेत मतदान गरिएको छ। परिणामतः यी केन्द्रमा ९८% सम्म मतदान भएको छ। यी केन्द्रहरूमा उपस्थित अन्य दलका प्रतिनिधिहरूले मुचुल्कामा हस्ताक्षर गरेका छैनन्। यस्ता फर्जी मतदानका आधारमा प्रत्यर्थीहरू धनराज गुरुङ, भोजराज अर्याल र महेश भट्टराईलाई निर्वाचित गर्ने आयोगको निर्णय गैरसंवैधानिक र गैरकानूनी छ। मैले फर्जी मतदान भएको स-प्रमाण उजुरी गर्दासमेत आयोग विश्वस्त हुन नसकेको भनी निर्णय गरेको छ। मृत्यु दर्ता प्रमाणपत्र सहितका ठोस प्रमाण पेश गर्दा पनि आयोगको निर्णय कारणयुक्त छैन, जुन युक्तियुक्त निर्णयको सिद्धान्त (Doctrine of Reason Decision) र प्राकृतिक न्यायको सिद्धान्त विपरीत छ। तसर्थ, निर्वाचन आयोगको मिति २०७९।८।१३ को बैठक संख्या १७० प्र.द.नं.७४५।२०७९ को निर्णय, प्रत्यर्थी मध्येका धनराज गुरुङलाई प्रतिनिधि सभा सदस्य पद्मा तथा महेश भट्टराई र भोजराज अर्याललाई

प्रदेशसभा सदस्य पदमा निर्वाचित भएको भनी मिति २०७९।८।१८ जारी गरेको प्रमाण पत्र र यी निर्णयसँग सम्बन्धित पत्राचार र सम्पूर्ण काम कारवाहीहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी फर्जि मतदाताको नामबाट मतदान भएका मतदान केन्द्रहरु भएको निर्वाचन लगायत समग्र स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २ को निर्वाचन परिणाम रद्द गरी पुनः स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउनु भनी प्रत्यर्थीहरुको नाउँमा परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ। साथै प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म निर्वाचन आयोगको मिति २०७९।८।१३ निर्णय र सो निर्णयसँग सम्बन्धित पत्राचार र सम्पूर्ण काम कारवाहीहरु यथास्थितिमा राख्नु भनी प्रत्यर्थीको नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको **निवेदनपत्र।**

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) मा उल्लेख भएबमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७(सात) दिनभित्र प्रत्यर्थी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. ३, ४ र ५ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रत्यर्थीहरुलाई यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु। अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, निवेदकले उठाएको विषयवस्तु पूर्ण सुनुवाई हुँदाका बखत निरुपण हुनु पर्ने प्रकृतिको देखिँदा हाललाई निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७९।११।३ मा भएको **आदेश।**

३. प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७९ र प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७९ बमोजिम सम्बन्धित निर्वाचन अधिकृतबाट भएको निर्वाचन सम्बन्धी विधिसम्मत कार्य र निजहरुबाट कानून बमोजिम भए गरेका काम कारवाहीलाई अन्यथा भन्न मिल्दैन। निर्वाचन अधिकृत समक्ष रितपूर्वक निवेदन प्राप्त भएमा दोहोऱ्याई मतगणना सम्बन्धमा निर्णय गर्ने अधिकार निर्वाचन अधिकृतलाई नै रहेको छ। निवेदकले मौकैमा दोहोऱ्याई मतगणना गरी पाउँ भन्ने निवेदन दिएमा दोहोऱ्याएर मतगणना गर्ने वा नगर्ने सम्बन्धमा सम्बन्धित निर्वाचन अधिकृतबाट आवश्यक निर्णय तथा कारवाही हुने नै हुन्। स्याङ्जा जिल्लाको मिति २०७९।८।४ मा सम्पन्न निर्वाचनको बारेमा परेका उजुरीका विषयमा जाँचबुझ गर्न आयोगले खटाएको टोलीको प्रतिवेदन समेतबाट निर्वाचन आयोग ऐन, २०७३ को दफा १० को उपदफा (२) बमोजिम

निर्वाचनको काम स्वतन्त्र र निष्पक्ष नभएको कुरामा आयोग विश्वस्त नभएको, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ बमोजिमको अवस्थासमेत नदेखिएको र सम्बन्धित मतदान केन्द्रका मतपेटिकाहरु निर्वाचन अधिकृतले बुझी सुरक्षित साथ भण्डारण गरी राखेको देखिएको कारणबाट प्रचलित कानून बमोजिम मतगणना गर्न सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिने भनी गरेको निर्णय पूर्णतया संविधानसम्मत र कानूनसम्मत रहेकोले उक्त निर्णयलाई चुनौती दिई दर्ता भएको रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको **निर्वाचन आयोगको लिखित जवाफ।**

४. मतगणना हुनु भन्दा अगाडि निर्वाचन अधिकृतको कार्यालय मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन आयोगमा समेत उजुरी परी १० दिनसम्म मतगणना कार्य स्थगित भई आयोगको निर्णय बमोजिम आयोगबाट छानबिन टोली खटाई टोलीको प्रतिवेदन र निर्वाचन अधिकृतको राय समेतका आधारमा निर्वाचन आयोगबाट निर्णय भई मतगणना कार्य सुचारु गरी मत परिणाम घोषणा भई विजयी उम्मेदवारले स्याङ्जा २ नं. क्षेत्रको निर्वाचन अधिकृत कार्यालयबाट प्रमाणपत्रसमेत प्राप्त गरी प्रतिनिधि सभा तथा प्रदेश सभाका माननिय सदस्यहरुबाट आ-आफ्नो कार्यक्षेत्रमा गई पदभारसमेत ग्रहण गरिसकेको अवस्था छ। कानून बमोजिम मतदान केन्द्रमा कर्मचारी, मतदान अधिकृत सुरक्षाकर्मी खटिई राजनीतिक पार्टीबाट प्रत्येक दलले आफ्ना प्रतिनिधि प्रत्येक मतदान केन्द्रमा खटाई मतदान प्रकृया शुरु र मतदान पुरा भई बाकस बन्द गर्नेसम्मका मुचुल्काहरूमा मतदान प्रतिनिधिले उपस्थिति जनाएको अवस्था र तत्काल उक्त मतदान केन्द्रहरूबाट मतदान प्रकृया गैरकानूनी रहेको भन्ने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सुरक्षा निकायहरू कसैबाट पनि जानकारी प्रतिवेदन नभएको मतपत्रका बाकस राजनीतिक दलका प्रतिनिधिको रोहवरमा बुझी बाकस कोठामा राखी बन्द गरेको, निर्वाचन आयोगको टोलीले अनुगमन पछि आयोगले प्रकृयागत रुपमा मिति २०७९।८।१४ गते मतगणना गर्ने निर्णय गरे बमोजिम मतगणना भई परिणाम घोषणा गर्दासम्म कानून बमोजिम प्रकृया पुगेको अवस्था देखिएको र यस कार्यालयको उक्त कार्यमा समन्वयकारी भुमिका मात्र रहेको अवस्थामा निवेदन कानूनसम्मत नहुँदा खारेजभागी छ खारेज गरी पाउँ भन्नेसमेत बेहोराको **जिल्ला निर्वाचन कार्यालय, स्याङ्जाको लिखित जवाफ।**

५. निर्वाचन क्षेत्रका केही मतदान केन्द्रहरुमा केही अनियमितता भएका सम्बन्धमा उजुरी पर्न आएको भन्दै निर्वाचन आयोगले मिति २०७९।८।६ मा निर्देश गरेको र सोही अनुरुप निर्वाचन अधिकृतको कार्यालयले किटानी राय पेश गरी मिति २०७९।८।६ मा नै पत्र पठाएको थियो। मतगणना हुनुभन्दा अगाडि निर्वाचन अधिकृतको कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन आयोगमा समेत उजुरी परी दश दिनसम्म मतगणना कार्य स्थगित भएको, आयोगको पटक पटकको आदेश, तदनुरुपका किटानी राय एवम् जाँचबुझ

गर्न खटाएको छानबिन टोलीको अनुगमन तथा सोबाट पेश भै आएको रायसमेतको आधारमा निर्वाचन आयोगबाट प्रक्रियागत रुपमा मिति २०७९।१०।१४ मा मतगणना गर्ने निर्णय लिइएको व्यहोरा स्पष्ट छ। त्यसैले विपक्षी निवेदकबाट उल्लेखित निर्वाचनका सम्बन्धमा उठाइएका प्रश्नहरु एवम् पुनः मतदान गर्नुपर्ने जिकिरहरुको सान्दर्भिकता समाप्त भैसकेको छ। विपक्षीको आरोप नितान्त कपोलकल्पित र निराधार रहेकोले निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको स्याङ्जा जिल्ला, निर्वाचन क्षेत्र नं. २(ख) का प्रदेश सभा सदस्य महेश भट्टराई र स्याङ्जा जिल्ला, क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य धनराज गुरुङ तथा स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २क का प्रदेश सभा सदस्य भोजराज अर्यालको **एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।**

## यस अदालतको आदेश

६. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदन सहितको मिसिल कागजात अध्ययन गरियो।

७. रिट निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री हरिप्रसाद पंगेनी, श्री रामचन्द्र पौडेल, श्री योगेन्द्र बहादुर थापा र श्री बसन्त जोशीले मिति २०७९।८।४ मा सम्पन्न स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा व्यापक अनियमितता भएको छ। निर्वाचनमा स्याङ्जा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार धनराज गुरुङ र स्याङ्जा जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं. २(क) का गण्डकी प्रदेशसभा उम्मेदवार भोजराज अर्याल तथा स्याङ्जा जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं. २(ख) गण्डकी प्रदेशसभा उम्मेदवार महेश भट्टराई लगायतका अन्य व्यक्तिहरुले निर्वाचनको शुन्य समय देखि नै निर्वाचन आचारसंहिता विपरीतका गैरकानूनी कार्यहरु गरेका थिए। सो विषयमा तत्कालै मतदान अधिकृत, निर्वाचन आयोगसमेतमा निवेदन दिएकोमा हाम्रो निवेदनको कुनै सुनुवाइ नै गरिएन। निर्वाचन क्षेत्रका विभिन्न मतदान केन्द्रहरू (दिसिङकोट आधारभूत विद्यालय, राममन्दिर माध्यमिक विद्यालय, दिनदयालु आधारभूत विद्यालय, जनसक्रिय आधारभूत विद्यालय) मा मृतक, विदेशमा रहेका, अन्यत्र खटिएका र अनुपस्थित व्यक्तिहरूको नामबाट फर्जी मतदान भएको छ। यी विषयमा मतदान अधिकृत र निर्वाचन आयोगमा उजुरी गर्दा कुनै सुनुवाई भएन। निर्वाचन आयोगले मतगणना स्थगित गरी छानबिन गरेपनि "निर्वाचन स्वतन्त्र र निष्पक्ष नभएकोमा विश्वस्त हुन नसकेको" भन्दै फर्जी मतको गणना गरी वैधता प्रदान गरेको कार्य संविधान र कानून विपरीत भएको छ। निर्वाचन आयोगको मिति २०७९।८।१४ को निर्णय र सोसँग सम्बन्धित सम्पूर्ण काम कारवाही बदर गरी पुनः निर्वाचन गरी पाउँ भनी बहस गर्नुभयो।

८. प्रत्यर्थी निर्वाचन आयोग र जिल्ला निर्वाचन कार्यालय स्याङ्जाका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गोविन्द खनालले लोकतन्त्रको मूल आधारस्तम्भ नै जनमतको सम्मान

र जनादेशको सर्वोच्चता हो। निर्वाचन आयोगलाई प्रदत्त विशिष्ट अधिकार अन्तर्गत नियुक्त निर्वाचन अधिकृतहरूले मतदान तथा मतगणना प्रक्रिया सम्पन्न गर्ने र सो प्रक्रियामा भएका त्रुटिहरू सच्याउने सम्बन्धमा स्पष्ट र सुनिश्चित कानूनी प्रावधान रहेको छ। मतगणनाको विषयमा कानून बमोजिम तत्काल निर्वाचन अधिकृतसमक्ष कारणसहित लिखित निवेदन दिनुपर्ने अनिवार्य कानूनी प्रक्रिया स्थापित भएकोमा निवेदकले सो विधि अवलम्बन गरेका छैन्। मतदानको विषयमा परेका उजुरीहरू उपर आयोगले छानबिन गर्न तत्काल निर्वाचन आयोगले टोली खटाएको र उक्त टोलीको प्रतिवेदनबाट निर्वाचन निष्पक्ष र स्वतन्त्र नभएको कुरामा विश्वस्त हुन सकिएन भन्ने निर्वाचन आयोगको ठम्याई रहेको छ। उजुरीका सम्बन्धमा छानबिन टोली खटाई प्रतिवेदन प्राप्त गरेपश्चात् मात्र मतगणना प्रक्रिया सुचारु, पारदर्शी रूपमा मतगणना सम्पन्न भई परिणाम घोषणा भएको हो। विजयी उम्मेदवारले प्रमाणपत्र प्राप्त गरी आफ्नो कार्यभार समेत सम्हालिसकेको अवस्थामा निर्वाचन प्रक्रियालाई अनिश्चितताको भुमरीमा फसाउने दुराशय साथ रिट निवेदन दायर भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो।

९. प्रत्यर्थी धनराज गुरुङसमेतको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, डा. श्री विजय प्रसाद मिश्र, श्री प्रेम बहादुर खड्का, श्री माधव प्रसाद कोइराला, श्री शेर बहादुर के.सी, श्री सीताराम के.सी एवम् विद्वान अधिवक्ता श्री ललित बहादुर बस्नेतले प्रस्तुत निवेदनमा स्याङ्जा जिल्ला क्षेत्र नं. २(ख) का प्रदेश सभा सदस्यका उम्मेदवार रहेका बुद्धिमान श्रेष्ठले आफ्नो निर्वाचन क्षेत्रको मतदानलाई मात्र चुनौती नदिई स्याङ्जा जिल्ला क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्य निर्वाचन र स्याङ्जा जिल्ला क्षेत्र नं. २ (क) को प्रदेश सभा सदस्य समेतका निर्वाचनको बदर माग गरी रिट निवेदन दायर गर्नुभएको छ। उम्मेदवारलाई आफ्नो निवार्चन क्षेत्रको मतदानको विषयमा मात्र उजुर बाजुर गर्ने अधिकार हुन्छ। यहाँ आफ्नो निर्वाचन क्षेत्रको मतदानको विषयमा मात्र सीमित भएर रिट दायर नभई अन्य निर्वाचन क्षेत्रको पनि निर्वाचन बदर माग गरिएको छ। एउटा निर्वाचन क्षेत्रको उम्मेदवारले अर्को निर्वाचन क्षेत्रको निर्वाचन प्रक्रियामा चुनौती दिन पाउने कानूनी आधार छैन। निवेदकले आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिरको निर्वाचनको वैधता माथि प्रश्न उठाउन पाउँदैन। मतदान अधिकृतले ल्याएको मतपेटिकाहरू नेपाली काङ्ग्रेस/नेकपा एमालेसमेतको प्रतिनिधिको रोहबरमा निर्वाचन अधिकृतको कार्यालयले बुझी भरपाई गरिदिएको छ। मतपेटिकाहरू सम्बन्धित पदको छुट्टाछुट्टै कोठाभित्र सुरक्षित राखी नेपाली काङ्ग्रेस र नेकपा एमालेसमेतको प्रतिनिधिको रोहबरमा मुचुल्का गरी ढोका बन्द तथा तालाचाबी शिलछाप लगाइएको छ। निर्वाचन आयोगमा उजुरी पश्चात सत्य तथ्य पत्ता लगाउन गठन गरिएको जाँचबुझ टोलीले बुझाएको प्रतिवेदनको आधारमा निर्वाचन आयोगले निर्वाचन अधिकृतको कार्यालयलाई मतगणनाको कार्य गर्न निर्देशन दिए बमोजिम नै मतगणना कार्य सम्पन्न भई परिणाम घोषणा गरिएको हो। निर्वाचन र

मतगणनाको क्रममा कुनै कैफियत भएको थियो होला भन्ने कुरा प्रमाणित भएको छैन। निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन। रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो।

१०. उपर्युक्त रिट निवेदन तथा निवेदक एवम् प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले गर्नु भएको बहस समेतलाई विचार गरी हेर्दा निवेदन मागदावी बमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णयतर्फ विचार गर्दा, निवेदक बुद्धिमान श्रेष्ठले स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २ अन्तर्गत चापाकोट नगरपालिका वडा नं. ३ स्थित दिसिङकोट आधारभूत विद्यालय मतदान केन्द्र लगायतका केन्द्रहरूमा मृत्यु भइसकेका र विदेशमा रहेका व्यक्तिहरूको नामबाट फर्जी मतदान भएको र सो उपर परेको उजुरीमा निर्वाचन बदर नहुने गरी भनी निर्वाचन आयोगबाट मिति २०७९।८।१४ मा भएको निर्णय र सो आधारमा धनराज गुरुङलाई प्रतिनिधि सभा सदस्य तथा महेश भट्टराई र भोजराज अर्याललाई प्रदेश सभा सदस्य पदमा निर्वाचित भएको प्रमाणपत्र दिने गरी भएका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी पुनः निर्वाचन गराई पाउँ भन्ने मागदावी लिई सार्वजनिक सरोकारको विवादको रूपमा बुद्धिमान श्रेष्ठको निवेदन दायर भएको देखियो।

१२. निवेदक बुद्धिमान श्रेष्ठले स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २ अन्तर्गत भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा गम्भीर अनियमितता भएको भन्दै निर्वाचन आयोगको निर्णयसहित ती सबै निर्वाचन बदर गरी पुनः निर्वाचन गराई पाउँ भनी माग गरेको सम्बन्धमा सर्वप्रथम सो प्रकृतिको विवादमा कानूनले गरेको उपचारको व्यवस्थाको बारेमा हेर्नु वाञ्छनीय देखिन आयो। निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४३ को उपदफा (१) मा **"सम्बन्धित उम्मेदवारले... कुनै आधारमा निर्वाचन बदर गरी पाउँ भनी उजुर गर्नुपर्ने कारण सिर्जना भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित अदालतमा उजुरी दिन सक्नेछ"** भनी व्यवस्था गरेको पाइन्छ। सो कानूनी व्यवस्थाबाट प्रतिनिधि सभा वा प्रदेश सभाको सदस्यको निर्वाचनमा निर्वाचित व्यक्तिले कुनै अनियमित कार्य गरी निर्वाचन निष्पक्ष रुपमा सञ्चालन नभएको भन्ने विषयमा सम्बन्धित उम्मेदवारले आफू उम्मेदवार रहेको निर्वाचन क्षेत्रको हकमा मात्र निर्वाचन बदर गरी पाउँ भनी उजुर गर्न सक्ने व्यवस्था गरेको देखियो। निवेदक स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २(ख) को प्रदेश सभा सदस्य पदका उम्मेदवार रहेकोमा अन्य निर्वाचन क्षेत्रको निर्वाचनसमेत बदर गराउनसमेत माग गर्न मिल्ने हो वा होइन भन्नेतर्फ व्याख्या विवेचना हुन वाञ्छनीय देखिन आयो।

१३. कुनै विवादित विषयमा प्रत्यक्ष प्रभावित व्यक्तिले अदालत प्रवेश गर्न सक्ने स्पष्ट कानूनी मार्ग रहेको अवस्थामा सार्वजनिक सरोकारको आडमा जुनसुकै व्यक्तिलाई न्यायिक पहुँच प्रदान गर्नु उचित हुँदैन। विशेषतः निर्वाचन जस्तो विषयमा प्रतिस्पर्धीहरू बाहेक अन्यले चुनौती दिन

पाउने उदार दृष्टिकोणले अदालतमा अनावश्यक र दोहोरो मुद्दाहरू निम्त्याउछ। यसले वास्तविक सरोकारवालाको आर्तनादलाई दबाउने र न्याय प्राप्तिमा अवरोध सिर्जना गर्दछ। साथै एउटै विषयमा फरक-फरक व्यक्तिद्वारा दायर भएका दोहोरो मुद्दाहरूले न्यायिक अन्योलता र विरोधाभासपूर्ण निर्णयहरूको सम्भावनालाई बढावा दिन्छ। सार्वजनिक सरोकारको विवादको माध्यमबाट अदालत प्रवेशको मार्गलाई सो सम्बन्धी विधिशास्त्र, न्यायिक संयम र अनुशासनको दृष्टिकोणबाट अत्यन्त सीमित र अपवाद स्वरूप प्रयोग गरिनुपर्दछ।

१४. श्याम बहादुर थापा विरूद्ध निर्वाचन आयोगसमेत भएको ०७९-WC-००४७ (फैसला मिति २०७९।११।३) को निवेदनमा ***"विवादको विषयबाट प्रत्यक्ष प्रभावित व्यक्ति अदालत प्रवेश गर्ने कानूनी अवस्थाको विद्यमानता हुँदाहुँदैको सामान्य अवस्थामा सार्वजनिक सरोकारको नाममा जोकोहीलाई अदालतको ढोका खुला राख्न मिल्ने हुँदैन। यस प्रकृतिको निवेदन सम्बन्धमा उदार दृष्टिकोण राख्दा अदालतमा अनावश्यक र दोहोरो मुद्दाहरुको लागि बाटो खुल्ने भई वास्तविक सुनुवाइ हुनु पर्ने मुद्दाहरुको न्याय सम्पादनमा असर पुग्ने अवस्थाको सिर्जना हुन जाने हुन्छ। सार्वजनिक सरोकारको विवादको माध्यमबाट अदालत प्रवेश गर्ने अभ्यासलाई सो को वास्तविक आवश्यकता परेको अवस्थामा मात्र प्रयोग गर्नु न्यायको रोहमा आवश्यक हुन्छ। प्रस्तुत विवादमा समेत निर्वाचनबाट एकै चुनावमा सहभागी प्रतिस्पर्धी नै यस अदालत प्रवेश गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको र निजहरुले परिणाम उपर यस इजलाससमक्ष कुनै निवेदन दिएको अवस्थामा त्यसतर्फ यस अदालतले विचार गर्न सक्ने नै हुँदा प्रस्तुत विवादमा निवेदकले सार्वजनिक सरोकारको विवादको विषयको रुपमा प्रयोग गर्नुलाई असल अभ्यासको रुपमा ग्रहण गर्न नसकिने"*** भनी व्याख्या भएको छ। प्रस्तुत निवेदन सार्वजनिक हक सरोकारको रूपमा दायर हुन आएको हुँदा उल्लेखित निवेदनमा भएको व्याख्या प्रस्तुत निवेदनको सन्दर्भमा पनि सान्दर्भिक रहेको पाइयो। यस स्थितिमा निवेदक बुद्धिमान श्रेष्ठ स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २(ख) को प्रदेश सभा सदस्य पदको उम्मेदवार रहेको हुँदा स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २(क) को प्रदेश सभा निर्वाचन र स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधि सभा निर्वाचनसमेत बदर गराउनसमेत माग गरेको देखिँदा सो हदसम्म निजलाई हकदैया रहेको देखिन आएन।

१५. अब निवेदक बुद्धिमान श्रेष्ठ स्वयंले उम्मेदवारी दिएको स्याङ्जा जिल्ला निर्वाचन क्षेत्र नं. २(ख) को प्रदेश सभा सदस्यको निर्वाचनसम्म सीमित रहि सो निर्वाचन बदर हुनुपर्ने हो वा होइन? भन्ने प्रश्न निरूपण गर्नुपर्ने हुन आयो।

१६. निर्वाचनको दिन २०७९।८।४ मा स्याङ्जा जिल्ला क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्य उम्मेदवार पद्मा अर्याल र स्याङ्जा जिल्ला क्षेत्र नं. २(ख) का प्रदेश सभा सदस्यका उम्मेदवार बुद्धिमान श्रेष्ठले निर्वाचनको अधिकृतको कार्यालयमा स्याङ्जामा जिल्ला निर्वाचन क्षेत्र नं. २ अन्तर्गत पर्ने स्याङ्जा जिल्ला, चापाकोट नगरपालिका वडा नं. ३ स्थित दिसिङकोट

आधारभूत विद्यालय मतदान केन्द्रसमेतका मतदान केन्द्रमा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले अनाधिकृत रूपमा गुण्डागर्दी गरी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन निर्देशिका, २०७९ को दफा ७३ र ७४ को अवस्था सिर्जना भएकोले उक्त मतदान केन्द्रका मतदान कार्य रद्द गरी पुनः मतदान गराई पाउँ भन्ने बेहोराको निवेदन दर्ता गराएको पाइयो। सोहि विषयलाई लिएर प्रतिनिधि सभा सदस्य उम्मेदवार पद्मा अर्यालले मिति २०७९।८।५ मा प्रमुख निर्वाचन आयुक्तलाई अनाधिकृत रूपमा बूथ कब्जा गरी गरिएको मतदान बदर गरी पुन मतदान गराई पाउँ भनी निवेदन दिएको पनि देखिन्छ। उक्त उजुरी निवेदनका विषयका सम्बन्धमा सत्य तथ्य जानकारी पत्ता लगाउन निर्वाचन आयोगको कार्यालयबाट जाँचबुझ तथा सहजीकरण खटाइएको पाइयो। सो जाँचबुझ टोलीले पेश गरेको प्रतिवेदनका आधारमा प्रचलित कानून बमोजिम मतगणना गर्न सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिने भनी मिति २०७९।८।१३ मा निर्वाचन आयोगबाट निर्णय भएको पाइयो।

१७. प्रमाण कानूनमा जसले दावी गर्छ उसले प्रमाणित गर्नुपर्छ भन्ने सिद्धान्त रहेको छ। सो सिद्धान्त अनुसार निर्वाचन आयोगबाट भएको निर्णय विरुद्ध चुनौती दिने पक्षले सुसङ्गत र ठोस प्रमाणहरू प्रस्तुत गरेर आफ्नो दावी प्रमाणित गर्नुपर्ने दायित्व वहन गर्नुपर्दछ। प्रस्तुत मुद्दामा निवेदकले निर्वाचन आयोगको निर्णय त्रुटिपूर्ण रहेको भन्ने दावी लिए तापनि त्यसलाई पुष्टि गर्ने ठोस प्रमाण पेश गर्न सकेको पाइएन। यस मुद्दामा विशेष रूपमा विचारणीय तथ्य के रहेको छ भने एउटै राजनीतिक दलमा आबद्ध रहेका उम्मेदवारहरूमध्ये पद्मा अर्यालले निर्वाचन आयोगको मिति २०७९।०८।१३ को निर्णयलाई चुनौती दिएको भन्ने देखिंदैन। उजुरकर्ता स्वयंले उजुर गरेको विषयमा जाँचबुझ टोली खटिई सोले बुझाएको प्रतिवेदनको आधारमा निर्वाचन आयोगबाट मिति २०७९।०८।१३ मा भएको निर्णय उपर उजुरकर्तामध्ये पद्मा अर्यालले कुनै चुनौती दिएको नदेखिँदा "मौनम् स्वीकृति लक्षणम्" (Silence implies consent) को अनुसार सो निर्णय स्वीकार गरेको भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ।

१८. विशेष उल्लेखनीय तथ्य यो छ कि एउटै मतदान केन्द्रको निर्वाचन प्रक्रियाका सम्बन्धमा भएको आयोगको उही निर्णयलाई एकै राजनीतिक दलका उम्मेदवारहरूमध्ये कसैले स्वीकार गरेको र कसैले अस्वीकार गरी यस अदालतमा निवेदन दायर गरेको द्वैध अवस्थाको विद्यमानता देखिन आयो। सामान्यतया उही विषयवस्तुमा समान हित र सरोकार राख्ने पक्षहरू समान प्रकृतिको निर्णयबाट समान रूपले नै प्रभावित हुने स्थिति हुन्छ। यदि फरक प्रभाव परेको दावी गर्ने हो भने उक्त निर्णयलाई चुनौती दिने पक्षले नै अदालतलाई सो सम्बन्धमा आश्वस्त पार्नुपर्ने हुन्छ तर प्रस्तुत निवेदनको सन्दर्भमा निवेदकले त्यस्तो गर्न सकेको अवस्था देखिएन। यस्ता विरोधाभासपूर्ण स्थितिमा सोको लाभ निर्वाचन आयोगको निर्णयलाई नै दिनु मनासिब देखिन्छ।

१९. निर्वाचन क्षेत्रका केही मतदान केन्द्रहरूमा केही अनियमितता भएका सम्बन्धमा उजुरी पर्न आएको भन्दै निर्वाचन आयोगले मिति २०७९।०८।०६ मा निर्देश गरेको र सोही अनुरुप निर्वाचन अधिकृतको कार्यालयले किटानी राय पेश गरी मिति २०७९।०८।०६ मा नै पत्र पठाएको देखिन्छ। मतदानको समयमा मतदान अधिकृत र सुरक्षा निकायबाट कुनै बुथमा अवाञ्छित गतिविधि भएको छ भनी कुनै सूचना प्रतिवेदन मतदान अधिकृतबाट नआएको, कानुनी प्रक्रिया पुरा गरी कागजात सहित मतदान अधिकृतले ल्याएको मतपेटिकाहरु नेपाली कांग्रेस, नेकपा एमाले समेतका प्रतिनिधिको रोहवरमा निर्वाचन अधिकृतको कार्यालयले बुझी भरपाई गरिदिएको, मतपेटिकाहरु सम्बन्धित पदको छुट्टाछुट्टै कोठाभित्र सुरक्षित राखी नेपाली कांग्रेस, नेकपा एमाले समेतको प्रतिनिधिको रोहवरमा मुचुल्का गरी ढोका बन्द तथा तालाचावी शिलछाप लगाइएको, मतदानको सुरक्षा जिम्मा लिएका सुरक्षाकर्मीबाट मतदानको दिनमा कथित मतदान केन्द्रहरुमा अवाञ्छित गतिविधि भएको भनी कुनै सूचना प्राप्त नभएको, सबै मतपेटिकाहरु सुरक्षित रुपमा मतदान अधिकृतले सबै प्रक्रिया पालना गरी बुझाइसकेको भनी निर्वाचन अधिकृतले स्पष्ट किटानी राय व्यक्त गरेको पाइयो। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (२) मा "... **कुनै प्रकारले मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई तुरून्त दिनु पर्नेछ**" भनी व्यवस्था गरेको पाइयो। कानूनमा व्यवस्था भएबमोजिम मतदान अधिकृतले प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (२) बामोजिमको बेहोरा कुनै पनि मतदान अधिकृतले निर्वाचन अधिकृत वा सोको कार्यालयलाई जानकारी गराएकोसमेत पाइएन।

२०. मिसिल संलग्न रहेको २०७९।८।१३ को निर्वाचन आयोगले स्याङ्जा जिल्लाको क्षेत्र नं. २ का विभिन्न मतदान केन्द्रमा मिति २०७९।८।४ मा सम्पन्न निर्वाचनको बारेमा परेका उजुरीका विषयमा जाँचबुझ गर्न खटाइको टोलीको प्रतिवेदनसमेतका आधारमा प्रचलित कानून बमोजिम मतगणना गर्न सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिने भनी बैठक सङ्ख्या १७०, प्रस्ताव दर्ता नं. ७४५/२०७९ निर्णय गरेको पाइयो। उक्त निर्णयको प्रमुख आधारको रुपमा जाँचबुझ आयोगको टोलीको प्रतिवेदनको बेहोरा उल्लेख भएको देखियो। सो निर्णयको मुख्य अंश देहाय बमोजिम रहेको पाइयोः

> उल्लेखित सन्दर्भमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत मिति २०७९।०८।०४ मा सम्पन्न मतदानको सन्दर्भमा स्याङ्जा जिल्ला क्षेत्र नं. २ का विभिन्न मतदान केन्द्रमा बुथ कब्जा गरी अस्वाभाविक मतदान भएकोले मतदान रद्द गरी पुनः मतदान गरी पाउँ भनी उजुरी परेको सन्दर्भमा निर्वाचन आयोग ऐन, २०७३ को दफा १०, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (३) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम जाँचबुझ तथा सहजीकरण गर्न गराउन सहसचिव श्री फणिन्द्र गौतम र कानून अधिकृत श्री गोकुल भुजेलको टोली खटाइएको

थियो। उक्त टोलीले आफ्नो रायमा निर्वाचन अधिकृतले पटक पटक सर्वदलीय बैठक गरी मतगणना गर्न सहमति कायम गर्ने प्रयास गरिसकेको अवस्थामा टोलीले त्यस सम्बन्धमा थप सहजिकरण गर्ने प्रयास निरर्थक थियो तथा अस्वाभाविक रूपमा बढी मत खसेको विवरण र विदेश गएका तया मृत्यु भएका मतदाताको तर्फबाट पनि मतदान गरियो भन्ने उजुरीको सम्बन्धमा मूलतः मतदान केन्द्रमा खटिएका दल वा उम्मेदवारका प्रतिनिधिले तत्कालै विरोध जनाउनु पर्नेमा सो गरे भएको देखिन आएन। साथै टोलीको रायमा जाँचबुझका क्रममा उजुरीको बेहोराको सत्यता पत्ता लगाउन सम्बन्धित निकायबाट तथ्याङ्क सङ्कलन तथा विष्लेषण गर्ने कार्य गरेको र एकीकृत डाटाबेस प्रणाली नभएको तथा अलग अलग डाटावेससँग मतदाता नामावलीको डाटावेसको अन्तरआवद्धता नभएका कारण अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका कुन कुन मतदाताले मतदान गरे वा गरेनन् भनी वास्तविक स्थिति पत्ता लगाउन नसकिएको भन्नेसमेत बेहोरा उल्लेख गरेको अवस्था छ। जाँजबुझ टोलीबाट प्राप्त प्रतिवेदन समेतका आधारमा ... प्रचलित कानून बमोजिम मतगणना गर्न सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिने।

२१. उजुरीमा उल्लेखित बुथ कब्जा र अस्वाभाविक मतदान सम्बन्धी आरोपहरू पुष्टि गर्न पर्याप्त ठोस प्रमाणको अभाव रहेको, मतदान स्थलमा खटिएका दल वा उम्मेदवारका प्रतिनिधिहरूले मतदानकै समयमा औपचारिक विरोध दर्ता नगरेको, खटिएको जाँचबुझ टोलीले समेत एकीकृत डाटाबेस प्रणालीको अभाव र तथ्याङ्क संकलनका सीमाहरूका कारण आरोपहरूको सत्यता पत्ता लगाउन नसकिएको भनी प्रतिवेदन पेश गरेको देखिन आयो। निर्वाचन आयोग ऐन, २०७३ को दफा १० को उपदफा (२) र प्रदेश सभा निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम भइसकेको मतदानलाई मतदान रद्द गर्न पनि त्यसका लागि ठोस प्रमाण आवश्यक हुन्छ। निर्वाचन ऐनहरूले तोकेको प्रक्रिया र सीमाभित्र रही आयोगले निर्णय गरेको देखिएकोले निर्वाचन आयोगको मिति २०७९।८।१३ बैठक संङ्ख्या १७० प्रस्ताव दर्ता नं. ७४५/२०७९ निर्णय कानून, तथ्य र प्रमाण विपरीत भन्ने देखिन आएन।

२२. तसर्थ, माथि विवेचित निवेदकको मागदावी, विपक्षीहरूको लिखित जवाफ, प्रतिपादित न्यायिक सिद्धान्त(नजिर) तथा निर्वाचन सम्बन्धी प्रचलित कानूनको आधार र कारणहरूबाट निवेदक बुद्धिमान श्रेष्ठ स्याङ्जा जिल्ला क्षेत्र नं. २(ख) प्रदेश सभा सदस्यको उम्मेदवार भएकोले आफ्नो उम्मेदवारी नै नरहेको स्याङ्जा जिल्ला क्षेत्र नं. २ प्रतिनिधि सभा सदस्य निर्वाचन र स्याङ्जा जिल्ला क्षेत्र नं. २(क) प्रदेश सभा सदस्य निर्वाचन बदर माग गर्ने हकदैया निज निवेदकलाई कानून बमोजिम प्राप्त भएको देखिएको नहुँदा सोहदसम्म उजुरी निवेदन खारेज हुने ठहर्छ। निवेदक बुद्धिमान श्रेष्ठ उम्मेदवार रहेको स्याङ्जा जिल्ला क्षेत्र नं. २(ख) को सम्बन्धमा निर्वाचन आयोगले गरेको निर्णय कानून, तथ्य र प्रमाण विपरीत रहेको भन्ने नदेखिएको एवम् निवेदकको वारेस फर्सुराम पाण्डेले मिति २०८१।०२।०२ देखि तारेख गुजारी निवेदनप्रति औचित्यपूर्ण चासो देखाएको अवस्थासमेत नहुँदा निवेदकको निर्वाचन क्षेत्रको

हकमासमेत मागबमोजिमको उजुरी दावी पुग्न सक्ने देखिएन। प्रस्ततु रिट निवेदन खारेज हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

**तपसिल**

(१) प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकोले निवेदकले प्रस्तुत निवेदन दर्ता गर्दा यस अदालतमा राखेको धरौटी रकम जफत हुने भएकोले उक्त रकम सदर स्याहा गर्नु भनी यस अदालतको आर्थिक प्रशासन शाखालाई जानकारी दिनू।

(२) प्रस्तुत आदेशको प्रतिलिपिसहित आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू।

(३) सरोकारवालाले नक्कल माग्न आए नियमानुसार गरी नक्कल दिनू।

(४) प्रस्तुत आदेशको विद्युतीय प्रति कम्प्युटर प्रणालीमा अपलोड गरी प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(विश्वम्भरप्रसाद श्रेष्ठ)
प्रधान न्यायाधीश

उक्त आदेशमा सहमत छौं।

| | | | |
|---|---|---|---|
| (कुमार रेग्मी) | (प्रकाश कुमार ढुंगाना) | (सपना प्रधान मल्ल) | (प्रकाशमान सिंह राउत) |
| न्यायाधीश | न्यायाधीश | न्यायाधीश | न्यायाधीश |

इजलास अधिकृत : शिवप्रसाद आचार्य (उपसचिव)
कम्प्युटर अपरेटर : हर्क माया राई
इति संवत् २०८१ साल भदौ महिना ५ गते रोज ४ शुभम् .........................................।